# शुभकालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

कर्णाली प्रदेश, नेपाल

Email:ito.kalikamunkalikot@gmail.com


पत्र संख्या :२०८२/०८३

मिति :२०८२/६/२८

चलानी नं ३२२

**विषयः कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

यस शुभकालिका गाउँपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र- नेपाल विचको साझेदारीमा संचालन भईरहेको सर्शक्त महिला समृद्ध नेपाल कार्यक्रमका लागि वडा नं. १ र २ मा तपशिलका कर्मचारीहरुको आवश्यकता परेको ले उक्त पदमा खुला प्रक्रियाबाट पदपुर्ति गर्न आवश्यक भएको हुँदा सो पदका लागि योग्यता पुगेका उम्मेदवारहरुलाई आवेदन पेश गर्न आह्वन गर्दछौ ।

**सामुदायिक मनोसामाजिक कार्यक्रताः २ जना (महिला मात्र)**

न्युनतम योग्यता

- शैक्षिक योग्यताः कम्तिमा पनि १२ वा सो सरह उतिर्ण गरेको ।
- उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यताः**

- कम्तिमा पनि १२ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।
- समुदायमा मनोसामाजिक सहजकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता ।
- समुदायमा निहित घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।
- उम्मेदवारहरु सम्बन्धित गाउँपालिकाको हुनुपर्नेछ । सम्बन्धित गाउँपालिकामा योग्य उम्मेदवार नआएमा भौगोलिक सहजताका आधारमा सँगैको गा.पा मा सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिने छ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेशण तथा अनुगमनको अनुभव भएको ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रोसँग वहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले संचालर गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीयस्तरमा क्लब, महिला समुह, आमा समुह , महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।

- इमेल, इन्टरनेट, MS Word , Ms Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- स्थानीय तथा राष्ट्रिय स्तरमा लैङ्गिक हिंसा सम्बन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितो मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावरे राम्रो जानकारी भएको ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरु**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १ थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

योग्यता पुगेको ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस गाउँपालिकाको बैंकमा रहेको आन्तरिक राजश्व खाता हिसाव नं. ०७२५९०१५३५६६९०५० /- मा रु. ५०० /- ( पाँच सय रुपैयाँ) जम्मा गरेको सक्कल भौचर, उपयुक्त कागजात तथा व्यक्तिगत विवरण (वायोडाटा ) सहित निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ ।

**नोटः** सम्बन्धीत वडाको व्यक्तिलाई प्राथामिकता दिइनेछ ।

नरेन्द्र प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत